87761 HOW CAN WE HELP:87761 HOW CAN WE HELP 12/5/10 10:00 Page 1

## अधिक जानकारी निम्ति

तपाईं अरू अधिक जानकारी चाहनुहुन्छ वा कुनै कुराबारे तपाईं अनिश्चित हुनुहुन्छ भने कृपया **भी आइ** ए-लाई सोध्नुहोस्।

**पीडित सहायता स्कटल्याण्ड** (भी एस एस)लाई सम्पर्क गर्न चाहना तपाईंको हुन सक्छ जो एक स्वयंसेवी संगठन हो जसले अपराधबाट प्रभावितहरूलाई व्यावहारिक एवं भावनात्मक सहायता प्रदान गर्दछ। टेलिफोन:

**0845 60 39 213** कार्यालय समयको दौरान

**0845 30 30 900** साँझ र सातान्तहरूमा

**www.victimsupportsco.org.uk**

**भी आइ** ए-ले तपाईंलाई अन्य संगठनहरूसित पनि सम्पर्क गराइदिन सक्दछ।

## भी आइ ए-लाई सम्पर्क गर्नुहोस्

तपाईंले आफ्नो स्थानीय **भी आइ** ए कार्यालयलाई संलग्न पत्रमा दिइएको टेलिफोन नम्बरमा सम्पर्क गर्न सक्नुहुन्छ।

वैकल्पिक रूपमा कृपया **भी आइ** ए राष्ट्रिय टोलीलाई सम्पर्क गर्नुहोस्:

निम्न नम्बरमा टेलिफोनद्वारा
01389 739557

फ्याक्सद्वारा यस नम्बरमा 0844 561 4180

वा यो ईमेलद्वारा
_vianationalteam@copfs.gsi.gov.uk

www.crownoffice.gov.uk

पीडित जानकारी एवं परामर्श
क्राउन कार्यालय एवं प्रोक्युरेटर फिस्कल सेवा

© क्राउन कपिराइट 2008

ए पी एस ग्रुप स्कटल्याण्ड 136008 05/10

**भी आइ ए** पीडित जानकारी एवं परामर्श

# भी आइ ए

## तपाईंलाई हामी कसरी मद्दत गर्न सक्छौं

यदि तपाई यो दस्तावेज अर्को भाषामा, ठूला अक्षरमा, अडियो, ब्रेल वा अन्य रूपमा चाहनुहुन्छ भने कृपया भी आइ ए-सित सम्पर्क गर्नुहोस्। हामी RNID typetalk prefix 18001 मार्फत् कलहरूको स्वागत गर्छौं।

# तपाईँलाई हामी कसरी मद्दत गर्न सक्छौँ

## जानकारी र परामर्श

यदि तपाईँ अपराधबाट प्रभावित हुनुभएकोछ भने तपाईँलाई आपराधिक न्याय प्रणालीमा संलिप्त हुनु पर्ने हुनसक्छ।

अपराधको कारणवश शारीरिक एवं भावनात्मक प्रभावहरूको सामना गरिरहेको बेलामा यो तपाईंको लागि तनावपूर्ण र अन्योलपूर्ण हुन सक्छ।

**पीडित जानकारी एवं परामर्श (भी आइ ए)** क्राउन कार्यालय एवं प्रोक्युरेटर फिस्कल सेवाको अँग हो। प्रोक्युरेटर फिस्कलमाथि स्कटल्याण्डमा हुने अपराधको जाँच गर्ने एवं मुद्दा चलाउने जिम्मा छ।

**भी आइ ए** स्टाफ अभियोक्ता होइनन्। हाम्रो काम पीडितहरू, साक्षीहरूलाई र केही अचानक, अनापेक्षित वा अपराधसित सम्बन्धित मृत्युका केही मुद्दाहरूमा निकटका नातेदारहरूलाई मद्दत गर्नु हो।

> *"मैले तपाईंको सेवा र स्टाफलाई सधैँ साह्रै मद्दतगार पाएँ, खासगरी किनभने मलाई हाम्रो कानून प्रणालीको कुनै पूर्वज्ञान थिएन।"*

## भी आइ ए-ले के गर्न सक्छ

**भी आइ ए-ले तपाईंलाई निम्न प्रकारले मद्दत गर्न सक्छ:**

- आपराधिक न्यायिक प्रणालीले कसरी काम गर्दछ र तपाईंले के अपेक्षा गर्न सक्नुहुन्छ भन्ने बारेमा जानकारी र परामर्श प्रदान गरेर
- तपाईंको मुद्दाको प्रगति बारे तपाईंलाई ताजा स्थितिसित अवगत राखेर
- तपाईंलाई व्यावहारिक एवं भावनात्मक सहायता प्रदान गर्न सक्ने संगठनहरूसित सम्पर्क गर्नमा मद्दत गरेर
- यदि मुद्दा सुनवाईमा गयो भने प्रमाण पेश गर्न वा अदालतमा हाजिर हुनमा तपाईंलाई के-कस्तो सहायता उपलब्ध हुन सक्नेछन् भन्ने बारेमा विचार-विमर्श गरेर। यसमा तपाईंलाई सुनवाई हुनुभन्दा अघि अदालत परिसर देखाउने व्यवस्था पनि सामेल हुन सक्छ।

कुनैपनि समयमा तपाईंलाई हाम्रो मद्दत चाहिँदैन भने कृपया हामीलाई सूचित गर्नुहोस्। त्यसपछि फेरि तपाईंको विचार बदलिन्छ भने कृपया हामीलाई सम्पर्क गर्नुहोस्।

## हामीले कसलाई मद्दत गर्न सक्छौं

**भी आइ ए-ले** प्रोक्युरेटर फिस्कल समक्ष निम्न अपराधहरू सम्बन्धी गरिएका रिपोर्टहरूका **पीडित एवं साक्षीहरूलाई मद्दत गर्दछ:**

- घरेलु उत्पीडन
- वर्णभेदवादी वा धर्म उत्प्रेरित हिंसात्मक अपराध
- यौन अपराधहरू
- पीडित बच्चा र साक्षीहरु
- अन्य गम्भीर अपराधहरू

**हामीले निम्नहरूलाई पनि मद्दत गर्छौं:**

- मृत्युहरूको मामिलामा नजिकका नातेदारहरूलाई जसमा आपराधिक प्रक्रियाहरू अन्तर्भूत हुन्छन् वा घातक दुर्घटना जाँच वा व्यापक अन्वेषण हुनु छ भने।
- संवेदनशील पीडित वा साक्षीहरूलाई। एउटा व्यक्तिलाई संवेदनशील मानिने छ यदि उसलाई थप सहायताको खाँचो छ; उदाहरणको लागि, यदि अङ्ग्रेजी उसको प्रथम भाषा होइन भने, वा उसलाई प्रमाण प्रस्तुत गर्न वा अदालतमा हाजिर हुनमा मद्दतको खाँचो छ भने।

> *"तपाईंहरूद्वारा प्रदान गरिने सेवा जरूरी छ। तपाईंहरूको मद्दत बिना हामीले स्थितिको सामना कसरी गर्ने थियौं होला भनी सोच्न पनि डर लाग्छ।"*

## कृपया नोट गर्नुहोस्

- **भी आइ ए**-ले अपराधका लागि मुद्दा चलाइएका वा तिनीहरूमाथि जुन आरोप लगाइएका छन् त्यसको निर्णय वा त्यसलाई प्रभावित पार्न सक्दैन। प्रोक्युरेटर फिस्कलले (फिस्कलले) उपलब्ध प्रमाण र मुद्दा चलाइनु जनहितमा छ वा छैन भन्ने आधारमा निर्णय गर्दछन्।

  (जनहितको अर्थ के हो भने फिस्कलले मुद्दालाई सबै पक्षहरूबाट हेर्नेछन् – व्यापक समुदायको साथै पीडित र अभियुक्तका दृष्टिकोणहरूबाट)
- अपराधबाट पीडित कुनै व्यक्तिले "आरोपहरू फिर्ता लिनु" सम्भव छैन। फिस्कलले यो निर्णय गर्नेछन्।
- **भी आइ ए**-ले व्यावसायिक परामर्श वा वित्तिय सहायता दिन सक्दैन, यद्यपि हामीले तपाईंलाई अन्य एजेन्सीहरूसित सम्पर्क गराइदिन सक्छौं जसले मद्दत दिन सक्छन्।